# विघटित संविधानसभाका



**संविधानसभा** विघटन भएको ४० दिन नाघ्यो भने नयाँ संविधानसभाका लागि घोषित चुनाव हुन करिब एक सय ३५ दिन बाँकी छ। चुनाव होला नहोला बेग्लै कुरा हो तर मुलुकले निर्धारित गरेको औपचारिक आगामी बाटो भने चुनाव नै हो। यो योजना मुताविक चुनाव भए पनि र नभए पनि मुलुकको ध्यान जहिले पनि विघटित संविधानसभा उपर भने रही नै रहनेछ। किनकि नयाँ चुनाव नभएसम्म संविधानसभा पुनर्स्थापनाको सम्भावना सधैं जीवित रहनेछ। अर्को कारण, विघटित संविधानसभाले संविधान बनाउन नसके पनि संविधान निर्माणको बाटोमा धेरै काम गरेको छ। संविधानसभाले गरेको काम भविष्यमा नयाँ संविधान निर्माणका लागि मार्गदर्शक हुनेछ।

चुनाव गरेर नयाँ संविधानसभा बनाउने हो भने कस्तो बनाउने? के ६०१ जनाकै संविधानसभा बनाउने ? विगतको जस्तै रूपको संविधानसभा बनाउने कि नयाँ परिकल्पना गर्ने ? यस्ता अनेक प्रश्न अहिले मुलुकका सामु छ जसको उत्तरमा सहमति हुन सकेको छैन। संविधान निर्माणका लागि मुलुकले भावी दिनमा जस्तो बाटो लिए पनि नयाँ बाटोमा सहज यात्रा गर्न अतीतबाट पाठ सिक्नुपर्ने हुन्छ। यस क्रममा विगतमा संविधानसभाका सभासद्हरूको प्रस्तुति कस्तो थियो भन्ने पनि हेरिनुपर्ने हुन्छ।

संविधानसभा असफल भयो। तथापि संविधानसभाबाट पाठ सिक्न जरुरी छ, पाठ सिक्नका लागि विविध कोणबाट यसको मूल्यांकन गर्न जरुरी छ। किनभने विगतको मूल्यांकन बिना भविष्यका लागि वस्तुनिष्ठ र सही बाटो पहिल्याउन सकिन्न। संविधानसभाका ११ वटा समितिले तयार पारेका अवधारणापत्र र मस्यौदासहितका प्रतिवेदनले संविधानसभाको धेरै हदसम्म मूल्यांकन गर्नसक्छ। त्यसबाहेक संविधानसभाको पूर्ण बैठक पनि संविधानसभाको मूल्यांकनको अर्को आधार हो। वास्तवमा संविधानसभाको पहिचान नै यसका एक सय २२ बैठक हुन्।

## सभासद्को कार्यमूल्यांकन

संविधानसभाको मूल्यांकन भनेको सभासद्को कार्यमूल्यांकन पनि हो। सभासद्हरूको मूल्यांकन गर्ने प्रत्यक्ष आधार दुईटा रहेको देखिन्छ। एउटा आधार संविधानसभाका समितिहरूको अवधारणापत्र र मस्यौदासहितका प्रतिवेदन हो। संविधानको प्रारम्भिक मस्यौदा तयार पार्न ११ वटा समिति बनाइएका थिए। राज्यको शासकीय स्वरूप निर्धारण समितिबाहेक अन्य दसवटै समितिले बहुमतका आधारमा प्रतिवेदन तयार पारेका छन्। ती प्रतिवेदनमा रहेका मस्यौदाले संविधानमा सजिने मौका पाएनन्, तैपनि ती प्रतिवेदन संविधानसभाको नासो हो, मुलुकको सम्पत्ति हो।

सबैजना सभासद् ११ वटा समितिमा थिएनन्, अन्य तीनवटा प्रक्रियागत समितिमा पनि ठूलो संख्यामा सभासद् थिए, ती समितिको काम संविधान लेखन गर्ने नभएर संविधान लेखनमा सघाउने व्यवस्थापकीय काम गर्नु थियो। त्यसैले संविधान लेखनमा सभासद्हरूको सहभागिताको मूल्यांकन र आकलन समितिका प्रतिवेदनहरूका आधारमा मात्र गर्नु पर्याप्त हुँदैन। सभासद्हरूको संविधान लेखनमा केकस्तो सहभागिता रह्यो भन्ने मूल्यांकन मूल रूपमा संविधानसभाको पूर्ण बैठकबाटै गर्नुपर्ने हुन्छ।

चारवर्षे जीवनकालमा संविधानसभाको एक सय २२ पटक बैठक बसेको देखिन्छ। कतिपय दिन दोहोऱ्याएर समेत बैठक बसेको थियो। त्यसैले बैठक संख्या धेरै देखिए पनि बैठक दिन भने थोरै छ। सबै बैठक संविधान लेखनसँग प्रत्यक्ष सम्बन्धित थिएनन्, ७५ वटामात्र प्रत्यक्ष सम्बन्धित देखिन्छ। ७५ बैठकमध्ये पनि सबैमा संविधान लेखनका बारे छलफल भएको थिएन। ६१ बैठकमा मात्र संविधानका अन्तर्वस्तुमा छलफल भएको थियो, र, ती बैठकमा सभासद्ले व्यापक सहभागितामा आफ्ना विचार राखेका थिए। अर्थात्, जम्मा ६१ वटा बैठकमा मात्र सभासद्हरूले आफ्ना विचार राख्न पाएका थिए। त्यसैले संविधानसभाका एक सय २२ वटा बैठकलाई वर्गीकरण गरी संविधान लेखनसँग प्रत्यक्ष सम्बन्धित तथा सभासद्हरूले बोल्न र छलफल गर्न पाएका ६१ वटा बैठकहरूका आधारमा मात्र सभासद्हरूको कार्यमूल्यांकन गर्नु जायज हुने देखिन्छ।

हुन त संविधानसभाका हरेक बैठक प्रत्यक्ष या अप्रत्यक्ष रूपमा संविधान लेखनसँगै सम्बन्धित भएको मानिनुपर्छ। तथापि, संविधान लेखनसँग प्रत्यक्ष र अप्रत्यक्ष सम्बन्ध भएका बैठक पहिचान गर्ने, ती बैठकमा सभासद्हरूको भूमिका र प्रस्तुति मूल्यांकन गर्ने काम गरेर मात्र संविधासभाको मूल्यांकनको एउटा पाटो पूरा हुनसक्छ।

## वर्गीकरण

संविधानसभा सार्वभौम भएकाले यसका आफ्नै किसिमका कार्यविधि र प्रक्रिया थिए। त्यस्ता प्रक्रिया मिलाउन, व्यवस्थापकीय कार्य गर्न तथा विविध कार्य गर्न पनि बैठक बसेकाले संविधानसभाको कुल बैठक संख्या एक सय २२ पुगेको हो। संविधान लेखनको आन्तरिक कार्यविधि तयार पार्न, कार्यविधिअनुसार काम व्यवस्थित गर्न पनि संविधानसभाको बैठक बस्नुपरेको देखिन्छ।

संविधानसभाका बैठकहरूलाई मूल रूपमा दुई भागमा वर्गीकृत गर्न सकिन्छ, संविधान लेखनसँग प्रत्यक्ष सम्बन्धित बैठक र अन्य बैठक। संविधान लेखनसँग प्रत्यक्ष सम्बन्ध नभएका बैठकहरू पनि अत्यन्त महत्त्वपूर्ण रहेको देखिन्छ, जस्तो कि पहिलो बैठक। सो बैठकले गणतन्त्र घोषणा गरेको थियो। त्यसैगरी संविधानसभालाई संविधान निर्माणबाहेक अर्को महत्त्वपूर्ण जिम्मेवारी थियो, राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन गर्ने। यो कामका लागि पनि संविधानसभाको बैठक खर्च भएको देखिन्छ।

संविधानसभाको आन्तरिक जीवनमा कार्यतालिकाको निकै ठूलो महत्त्व र भूमिका थियो। कार्यतालिकाको समयसीमाले संविधान लेखनलाई अगाडि बढाउन राजनीतिक दल तथा सभासद्हरूलाई घच्घचाउने गरेको थियो। संविधानसभाको सार्वजनिक जवाफदेहिता बढाउन पनि कार्यतालिकाले योगदान गरेको थियो, यद्यपि, संविधानसभाले पटकपटक कार्यतालिका संशोधन गरेको थियो। कार्यतालिका नभएको भए संविधान लेखन जुन समयमा जुन बिन्दुमा पुग्यो, त्यति पनि नहुन सक्थ्यो। संविधानसभाका कतिपय बैठक कार्यतालिका संशोधनमै खर्च भएको देखिन्छ। संविधानसभाका केही बैठक नियमावली संशोधनमा खर्च भएको देखिन्छ भने केही बैठक कार्यतालिका संशोधनमा खर्च भएको देखिन्छ। तर, कार्यतालिका संविधानसभा नियमावलीको एक अंगमात्र थियो। यस आधारमा नियमावली संशोधन र कार्यतालिका संशोधन बैठकलाई एकै वर्गमा राख्न सकिन्छ, तर, संविधानसभाको आन्तरिक जीवनमा नियमावली र कार्यतालिका संशोधन दुवैको फरकफरक ढंगको अस्तित्व र प्रभाव रहेको देखिन्छ। त्यसैले नियमावली र कार्यतालिका संशोधन बैठकलाई दुई फरक वर्गमा राख्नुपर्ने देखिन्छ ( *वर्गीकरण पृष्ठ ६ मा*)।

## मेरो नाम छुटेको होला

मधेसी जनअधिकार फोरम लोकतान्त्रिकका सचेतक रहेका **रामजनम चौधरी** ती सभासद्मध्येका हुन् जसले संविधानसभाको छलफलमा एकपटक पनि बोलेनन् :

**संविधानसभाका समितिका प्रतिवेदन उपर सभामा भएको छलफल कस्तो थियो ?**

छलफलमा सहभागिता एकदमै राम्रो थियो। सभासद्हरूले स्वतन्त्र रूपमा धारणा राखेका थिए। हामीले समितिमा अत्यन्तै मेहनत गरेर, राम्रोसँग प्रतिवेदन बनाएका थियौं। ती समितिको प्रतिवेदन मात्रै लागू भयो भने पनि राम्रो संविधान बन्न सक्छ। किनभने हामीले जनताको घरदैलोमा पुगेर, जनताको भावना बुझेर नै प्रतिवेदन तयार पारेका थियौं।

**प्रतिवेदन उपरको छलफलमा सभासद्हरूले बोल्न पाउने कस्तो व्यवस्था थियो ?**

प्रतिवेदनको छलफलमा एकदमै फ्रि थियो, सभासद् जसले पनि बोल्न पाउँथे। बोल्ने समयावधि चाहिँ तोकिएको थियो। बोल्दा कुनै पनि पार्टीले ह्विप लगाएका पनि थिएनन्। कांग्रेस र एमालेले चाहिँ अलिअलि कडाइ गरेका थिए तर अरूले स्वतन्त्र छाडिदिएका थिए। एकदमै राम्रो थियो छलफल।



**प्रतिवेदनको छलफलमा एकपटक पनि भाग नलिने कोही सभासद् होलान् ?**

मलाई त्यस्तो त लाग्दैन। सभासद् प्रत्येकले कुनै न कुनै समितिको प्रतिवेदन उपर भएको छलफलमा बोलेका छन् जस्तो लाग्छ मलाई।

**तपाईंले कुनकुन प्रतिवेदनको छलफलमा बोल्नुभएको थियो ?**

राज्यपुनर्संरचना समिति र प्राकृतिक स्रोत साधन समितिको प्रतिवेदनको छलफलमा बोलेको थिएँ।

**तर, संविधानसभाको अभिलेखमा तपाईंले यी समितिको प्रतिवेदनमा भएको छलफलमा बोलेको किन देखिँदैन ?**

छैन मेरो नाम ?

**अहँ, छैन!**

खै, कसरी छुटायो यार ! दुइटा समितिको प्रतिवेदनमा बोलेको थिएँ।

**नाम छुटेको हो त ?**

छुटेको जस्तो लाग्छ मलाई। बोल्न त बोलेको थिएँ। पाँच ६ सय मानिसको रेकर्डमा छुटेको पनि हुनसक्छ। रेकर्ड त हुन्छ संविधानसभामा, मेरो नाम छुटेको नै होला।



# जनमतसंग्रह

## औचित्य र सम्भावना



जीवराज बुढाथोकी

**वर्तमान** समयमा देखिएको राजनैतिक गतिरोधलाई निकास दिने सन्दर्भमा उठेका चर्चा र मुद्दामध्ये जनमतसंग्रह पनि तातो बहसको रूपमा अगाडि आएको छ। आजको प्रस्तुतिमा जनमतसंग्रहको अवधारणा बाह्य अनुभव, हाम्रो सन्दर्भमा यसको माग तथा औचित्य र सम्भावना समेतलाई समग्र विश्लेषण र मूल्यांकन गरी निष्कर्षमा पुगिनेछ।

जनमतसंग्रह जसलाई जनमत भन्ने एकल शब्दले पनि बुझ्न सकिन्छ। यो एउटा यस्तो प्रत्यक्ष मतदान प्रणाली हो जसमा कुनै खास क्षेत्र वा समग्र मुलुकका जनतालाई कुनै खास राष्ट्रिय मुद्दामध्ये एक वा केही स्वीकार गर्न वा नगर्नको लागि औपचारिक आह्वान गरी सो बारेमा जनताको प्रत्यक्ष रायलाई बुझ्न सकिन्छ। नयाँ संविधान निर्माण, वर्तमान संविधानमा संशोधन वा सरकारको कुनै खास नीतिलाई स्वीकार वा अस्वीकार गर्ने सम्बन्धमा यसको उपयोग गर्ने विश्वव्यापी मान्यता रहिआएको छ। यसलाई लोकतन्त्रका एउटा विशिष्ट आधार पनि मानिन्छ।

नेपालमा जनमतसंग्रहको इतिहासलाई हेर्ने हो भने २०३६ साल जेठ १० गते नेपालमा बहुदलीय शासन प्रणाली अपनाउने वा तत्कालीन पञ्चायती शासन व्यवस्थामा सुधार गरी त्यसलाई निरन्तरता दिने भन्ने सम्बन्धमा सर्वप्रथम तत्कालीन राजा वीरेन्द्रले जनमतसंग्रहको घोषणा गरेका थिए। सो घोषणा अनुरूप वि.सं. २०३७ वैशाख २० गते राष्ट्रिय जनमतसंग्रह भई २०३७ जेठ १ गते सार्वजनिक गरिएको सोको परिणाममा सदर मतमध्ये बहुदलको पक्षमा परेको २० लाख सात हजार नौ सय ६५ मतविरुद्ध पञ्चायत पक्षलाई कुल २४ लाख ३३ हजार चार सय ५२ मत प्राप्त भई सोही व्यवस्था कायम रहेको थियो।

## अन्तर्राष्ट्रिय अनुभव

गत फेब्रुअरी २८ मा सिरियामा लोकतन्त्रको आन्दोलन भइरहेकै अवस्थामा संघर्ष र हिंसाबीच जनमतसंग्रह गरिएको थियो। सरकारले नयाँ संविधान जारी गरी सोको तीन महिनाभित्र बहुदलीय संसदीय चुनाव गराउनका लागि जनमतसंग्रह गराएको जनाए पनि प्रतिपक्षीहरूले राष्ट्रपति बसर अल–असाद सत्ताच्युत नभएसम्म आन्दोलन जारी राख्ने अडानका साथ जनमतसंग्रह बहिष्कार गरेका थिए। सन् २०११ को नोभेम्बर २ मा ग्रिसमा वैदेशिक ऋण र आर्थिक संकटबाट मुलुक डुबेकोमा युरोपेली युनियनले दिने सहयोग लिने कि नलिने भन्ने बारेमा जनमतसंग्रह गर्ने निर्णय भएको थियो। यसैगरी केही समय पहिले आयरल्यान्डमा युरोजोनमा वित्तीय अनुशासन कायम गर्ने उद्देश्यले तयार पारिएको सन्धिबारे निर्णय गर्न जनमतसंग्रह गरिएको थियो। सन्धि बहिष्कार गरेमा युरोपियन संघबाट प्राप्त हुने सहयोग रकम रोकिने भएकाले सन्धि मान्नुपर्ने सर्वेक्षण अभिमतको आधारमा जनमतसंग्रह भएको थियो। इथियोपियामा संवैधानिक आयोगले बनाएको नयाँ संविधान सन् १९८७ फेब्रुअरी ७ मा भएको जनमतसंग्रहले अनुमोदन गरेको थियो। केन्यामा विज्ञहरूको एउटा समितिले बनाएको संविधानको मस्यौदालाई सन् २०१० अप्रिल १ मा संसद्बाट पारित गरी जनमतसंग्रहबाट अनुमोदन गरिएको थियो। बोलिभियामा संविधानसभाले पारित गरेको संविधानलाई संसद्ले अनुमोदन गर्नुपर्ने प्रावधान थियो तर संसद्ले अनुमोदन गर्दा यो विवादस्पद बनेकोले राजनैतिक सहमतिअनुसार पछि जनमतसंग्रहमा लगी सन् २००९ जनवरी २५ मा अनुमोदन गरिएको थियो।

## जनमतसंग्रहको

केही वर्षअगाडि २०६६ कात्तिक २८ मा मधेसी जनअधिकार फोरमका तत्कालीन सहअध्यक्ष जयप्रकाशप्रसाद गुप्ताले समग्र मधेसलाई एक प्रदेश बनाउने सम्बन्धमा संविधानसभामा सहमति जुट्न नसके मधेसका २० जिल्लाका नागरिकबीच जनमतसंग्रह गराउनुपर्ने माग गरेका थिए। यस्तै माधव नेपालको नेतृत्वको सरकारको समयमा उपप्रधान तथा परराष्ट्रमन्त्री सुजाता कोइरालाले एक साक्षात्कार कार्यक्रममा संघीयतामा जाँदा मुलुक विखण्डन हुन सक्ने भएकोले संघीयतामा जाने निर्णय गर्नु अगाडि जनमतसंग्रह नगरेर दलहरूले गल्ती गरेको र सोको लागि जनताको चाहना बुझ्नु जरुरी भएको विचार राखेकोमा यो विवादित बनेको थियो।

यसैगरी हालै नेपाली कांग्रेसका डा. प्रकाशशरण महतले देशलाई संकटबाट जोगाउन जनमतसंग्रह गर्नुपर्ने विचार राखेका छन्। अर्जुननरसिंह केसीको विचारमा यदि माओवादीले एकल जातीय राज्य नभई हुन्न भन्छ भने सार्वभौम अधिकार सम्पन्न जनतामा जाने र जनमतसंग्रह गरी नेपाली जनताले नै एकल जातीय राज्य स्वीकारेमा आफूलाई स्वीकार हुने विचार राखेका छन्। नेका केन्द्रीय समितिको केही दिनअघिको बैठकमा पनि अधिकांश केन्द्रीय सदस्यको संविधानसभामा सहमति जुट्ना नसकेका विषयको टुंगो जनमतसंग्रहबाट लाउनुपर्ने धारणा थियो। संविधानसभा पुनर्स्थापनाको वैधानिक आधार नभएकोले वैधानिक बाटोबाट संविधान जारी गर्ने विकल्प जनमतसंग्रह मात्रै भएको राय व्यक्त गरिएको थियो। स्वत: विघटन भएको संविधानसभा पुनर्स्थापना गर्दा त्यसको वैधानिक हैसियत नहुने र दोस्रो जनआन्दोलनको सफलतापछि पुनर्स्थापित प्रतिनिधिसभा र अहिले स्वत: विघटन भएको संविधानसभाको सन्दर्भ फरक रहेको विचार राखिएको थियो। शेरबहादुर देउवाको पहिलो विकल्प जनमतसंग्रहमार्फत संविधान जारी, दोस्रो विकल्प संविधानसभा केही समयका लागि ब्यूँताउने र तेस्रो विकल्पका रूपमा मात्रै चुनावमा जान सकिने धारणा प्रकाशमा आएको थियो।

> संविधानसभाले टुंगो लाउन नसकेका ११७ मुद्दा छन् जुन जनमतबाट निर्णय लिन सम्भव छैन। शासकीय स्वरूप, प्रदेशको संख्या र निर्वाचन प्रणालीलगायतका अन्य विषयहरू सबैमा कयौं विकल्प रहेको अवस्थामा कसरी जनमत संकलन सम्भव हुन्छ ?

यसैगरी राप्रपाका अध्यक्ष पशुपतिशमशेर राणाको धर्म निरपेक्षता र संघीयताको विषयमा जनमतसंग्रह गर्नुपर्ने विचार रहेको छ र अन्यका यस्ता धेरै माग रहेका छन्। ती मागको पछाडि पार्टी उनै, नेता उनै, मानसिकता उही र जिम्मेवारपूर्ण राजनैतिक संस्कारको विकास नभएकोले नयाँ संविधानसभाबाट पनि संविधान बन्ने कुनै आधार नभएकोले समग्र जनतालाई नै यसमा निर्णय गर्न दिनुपर्ने तर्क रहेका छन्। सत्तापक्षको प्रतिक्रियामा प्रधानमन्त्री स्वयंबाट विधिविधानले मिल्छ भने, सर्वोच्च अदालतले उपयुक्त ठान्दछ र सम्पूर्ण राजनैतिक दलहरूमा मतैक्य हुन्छ भने आफू निर्वाचनको पक्षधर भए पनि जुनसुकै विकल्प मान्ने विचार आइसकेको छ।



## विषय विश्लेषण

जनमतसंग्रहलाई पहिलो दर्जाको तोकतान्त्रिक अभ्यासको रूपमा लिन सकिन्छ। जनप्रतिनिधिमार्फत प्रयोग गरिने जनमत प्रतिनिधिहरूको चलखेल र स्वार्थमा ओझेल परेको हुन सक्छ तर प्रत्यक्ष जनमतमा यो सम्भावना नरहेकाले यो उत्तम मानिन्छ। जनमतसंग्रहको औचित्य यसबाट पुष्टि भए तापनि यसको सम्भावना कति छ त ? यसमा पनि समस्या छन्। पहिलो, जनमत संग्रहको लागि बढीमा दुई चारवटा विषयमा 'हो वा होइन' भनी मत जाहेर गर्ने वा दुई विकल्पको अवस्थामा बाहेक यो सम्भव हुँदैन। उदाहरणको लागि संविधानसभाले टुंगो लाउन नसकेका ११७ मुद्दा छन् जुन जनमतबाट निर्णय लिन सम्भव छैन। दोस्रो, शासकीय स्वरूप, प्रदेशको संख्या र निर्वाचन प्रणालीलगायतका अन्य विषयहरू सबैमा कयौं विकल्प रहेको अवस्थामा कसरी जनमत संकलन सम्भव हुन्छ? तेस्रो, जनमतसंग्रहको विधि र प्रक्रिया निर्वाचनकै भएकोले निर्वाचनमा जस्तै यसमा पनि मतदाताको उमेर, उमेर गणनाको समय, संविधान, ऐनकानुन, विधि र प्रक्रियाको आवश्यकता र अभाव पूर्तिका समस्याहरू स्वत: आउँछन्। के यसमा हाम्रो ध्यान पुगेको छ? चौथो, जनमतमा पनि एकै विचार छैन। एउटा मत दलीय सहमतिमा सम्पूर्ण विवाद टुंगो लगाई यसलाई जनताबाट अनुमोदन गराउनुपर्ने भन्ने छ। अर्को मत संघीयता, हिन्दु राज्य, शासकीय र निर्वाचन प्रणालीजस्ता मूल विषयमा जनमत संकलन र आमनिर्वाचन एकैसाथ गरी जनमतबाट नसमेटिएका विषय संविधानसभावाट निर्णय लिने भन्ने पनि छ। उपयुक्तके हो त ? अन्तिम, जनमतमा लैजानुपर्ने मूल राष्ट्रिय मुद्दा निरूपण गर्न सहमति जुटन सक्ने सम्भावना पनि देखिँदैन। एक दुई मूल राष्ट्रिय विषयसँगै दलहरूले आफ्ना स्वार्थका कयौं विषय जनमतमा लैजाने कोसिस गर्नेछन्।

प्रस्तुत विषयलाई विश्लेषण र मूल्यांकन गर्दा अन्तरिम संविधानले संविधानसभाले नयाँ संविधान जारी गर्ने परिकल्पना गरी सोबाहेकको वैकल्पिक अवस्था परिकल्पना नगरेको कारण र संविधानसभा अस्तित्वमा नरहेको अवस्थामा कुनै संवैधानिक निकास दिन सक्ने देखिँदैन। त्यसैले वर्तमान संविधानको धारा ४३ अनुसार नेपाल सरकारको कार्य सञ्चालन जनआन्दोलनको भावनाबमोजिम राजनैतिक सहमति र सहकार्यमा गर्नुपर्ने प्रावधान रहेको र धारा १५८ मा संविधानको कार्यान्वयनमा बाधा परेमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट बाधा अड्काउ फुकाउने आदेश जारी गर्न सकिने देखिएकोले यी प्रावधानहरूको सकारात्मक व्याख्या र उपयोग गर्न सकिन्छ। बाधाअड्काउ फुकाएको अवस्थामा एक महिनाभित्र व्यवस्थापिका संसद्बाट अनुमोदन हुनुपर्ने र सो अवस्था अहिले नभए तापनि यसलाई व्यवस्थापिका संसद् अस्तित्वमा आएको एक महिनाभित्र भन्ने अर्थमा मान्न सकिन्छ।

तर, यो संविधानको मर्यादा राख्ने कुरामात्र हो। राष्ट्रिय सहमति संविधानभन्दा माथि हुने हुँदा राष्ट्रिय सहमति भएमा संविधानका प्रावधानलाई समेत निलम्बन गर्न सकिने उदाहरण २०६३ सालको पुनर्स्थापित प्रतिनिधिसभाको पहिलो बैठकले स्वघोषणा गरी २०४७ सालको संविधानका केही प्रावधान सोझै अमान्य गरेको कुरालाई लिन सकिन्छ।

## निष्कर्ष

उपर्युक्त विश्लेषणको आधारमा जनमतको औचित्य भए पनि सम्भावनाबारे भन्न सक्ने अवस्था छैन। यदि जनमतसंग्रहको बारेमा राष्ट्रिय सहमति बनेको अवस्थामा र सम्पूर्ण विवाद टुंगो लगाई माथि उल्लेखित केन्या, बोलिभिया र केन्याका उदाहरण जस्तै यसलाई जनताबाट अनुमोदन गराउने सन्दर्भमा यो सम्भव देखिन्छ। तर, असहमतिको अवस्था र मूल विषयमा जनमत संकलन र आमनिर्वाचन एकैसाथ गरी जनमतबाट नसमेटिएका विषय संविधान सभाबाट निर्णय लिने भन्नेजस्ता विषमा र समग्र विवादको टुंगो लगाउन जनमतसंग्रहबाट सम्भव छैन।